# माछा भुरा बारे मापदण्ड निर्धारण

(पशु सेवा विभागको मिति २०६१।०५।२५ को निर्णय अनुसार स्वीकृत)

## माछा भुरा बारे मापदण्ड

(पशु सेवा विभागको मिति २०६१।०५।२५ को निर्णय अनुसार स्वीकृत)

पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ को दफा १८ एवं पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को दफा १७ बमोजिम गुणस्तर तथा मापदण्ड सम्बन्धी व्यवस्था अनुसार माछाको भुरा र सोको ढुवानीको साधनको गुणस्तर तथा मापदण्ड निम्न अनुसार तोकिएको छ ।

१. विदेशबाट पैठारी गरिने माछाको भुराको गुणस्तरको मापदण्डः

(क) माछाको भूरा भन्नाले नेपाल अधिराज्यमा मत्स्य पालनको लागि सिफारिस गरिएका मत्स्य अध्ययन अनुसन्धान, स्टक इन्ह्यान्समेट (Stock Enhancement) एवं सौन्दर्यका लागि एक्वोरियम वा अन्यत्र सजाउने निम्नलिखित अवस्थाको मत्स्य विजलाई सम्झनु पर्दछ ।

१. भ्रुण अवस्थाको फुल (Spawn)

२. ह्याचलिङ, गर्भ पोषण थैली (Yolk-sac) उपयोग भैसकेको एव स्वतन्त्र रूपमा पानीमा तैरने क्षमता विकास हुदै गरेको भुसुना माछा भुरा

३. आखा विकसित भएको भ्रुण (Eyed-egg)

४. सानो माछा भुरा (Fry) सरदर साईज २ ग्राम सम्म तौल भएको भुरा

५. ठुलो माछा भूरा (Fingerliing) सरदर २ देखि १० ग्राम सम्म तौल भएको भुरा

६. वर्षे भूरा ( Advanced Fingerling) सरदर १० ग्राम भन्दा माथि तौल भएको भुरा

७. झिङ्गे माछा वर्ग ( Crustacea) मा पर्ने भरखर जन्मेका लार्भि अवस्था (Larval) पार
गरि सकेर वयस्क अवस्थाको शारिरीक विकास भैसकेको अवस्थाको भूरा

(ख) मत्स्य विज एवं जिउदो माछा पैठारी गर्दा सो को साथमा आधिकारिक अर्न्तर्राष्ट्रिय मत्स्य स्वास्थ्य प्रमाणपत्र साथमा संलग्न हुनु पर्नेछ ।

(ग) माछाको भूरा ढुवानीको लागि तयार गरिएको अवस्था सम्ममा कुनै रोगको लक्षण नदेखिएको हुनु पर्नेछ ।

(घ) माछा भुरा उत्पादनगर्ने मत्स्य ह्याचरी एवं मत्स्य नर्सरीसंग सन्वद्ध अन्य संरचना (facilities) संलग्न तालिका -१ मा उल्लेख भएका माछाका रोगबाट भुक्त भएको हुनु पर्दछ ।

(ङ) माछा भूराको जात र नश्ल प्रमाणित भएको हुनु पर्दछ ।

(च) माछाको भूरा स्वास्थ्य, फुर्तिलो र आँखा चम्किलो हुनु पर्दछ ।

२. विदेशबाट पैठारी गरिने माछाको जाती सम्बन्धि मापदण्ड:

(क) नेपालमा मत्स्य पालनकोलागि सिफारिस गरिएका निम्न लिखित जातीका माछा भूरा मात्र आयात गर्न पाइने छ । मत्स्य पालनकोलागि सिफारिस नभएका जात बैदेशिक पैठारी एवं स्वदेशमा ओसार पसार र बिकि गर्न पाइने छैन ।

नेपालमा मत्स्य पालनमा सिफारिस भएका माछाका जातहरू:

- कमन कार्प ( Cyprinus carpio )
- सिल्भर कार्प (Hypophthalmitchthys molitrix )
- बिगहेड कार्प (Aristichthys nobilis)
- ग्रास कार्प ( Ctenopharyngodan idella )
- रोहु (Labeo rohita )

- नैनी (Cirrhinus mrigala )
- भाकुरा (Catla calta )
- रेन्बो ट्राउट (Onchorhynchus mykiss )

तर अनुसन्धान वा परिक्षणको लागि नेपाल सरकारको सम्बन्धित निकायको पूर्व स्वीकृतिमा जुन सुकै जातको माछा भूरा पैठारी तथा निकाशी गर्न यस मापदण्डले बन्देज गर्ने छैन ।

(ख) मत्स्य विकाश र बिस्तारकोलागि हाल अनुसन्धानका दृष्टिकोणले महत्वपूर्ण मानिएका तपशील बमोजिमका आयातित जातका माछाका भूरालाइ अनुमति पत्रका आधारमा पैठारी तथा निकाशी, ओसार-पसार र बिक्रि बितरण गर्न पाइने छ ।

- तिलापिया जाती ( Oriochromis nilotica )
- मागुर जनती (Clarias species )
- झिङ्गे माछा जाती (Macrobrachium Species)
- पोठिया (Puntius gonionotus )
- पेंगासियस (Pangacius species )

३. माछा भूरा पैठारी गर्ने नाका सम्बन्धि मापदण्ड:

(क) नेपालमा मत्स्य पालनकोलागि सिफारिस गरिएका जातका माछाका भूरा एवं सैन्दर्यकालागि एक्वोरियममा सजाउने उद्देश्यले उष्ण जातिय माछा (Tropical species) विदेशबाट पैठारी गर्दा क्वारेन्टाइन चेकपोष्टबाट मात्र आयात गर्न सकिने छ ।

(ख) अनुसन्धान एव परीक्षणको लागि नेपाल सरकारको पूर्व स्विकृतिबाट आयात गरिने नयाँ जातका माछा भूरा अर्न्तराष्ट्रिय हवाई मार्गबाट मात्र नेपाल प्रवेश गराउन पाउने गरि नाका तोकिएको छ ।

४. माछाको भूरा ढुवानी तथा प्याकिङ सम्वन्धि मापदण्ड:

(क) माछाको भूरा ढुवानीकोलागि प्याकिङ गर्न पूर्व भूराको अवस्था हेरि ८ देखि २४ घण्टा पहिले कण्डिसनिङ गराइएको हुनु पर्दछ ।

(ख) भूरा प्याकिङ गर्दा सफा र स्वच्छ पानीको प्रयोग गरेको हुनु पर्दछ ।

(ग) प्याकिङ भएर आएको माछाको भुरामा स्वस्थ्य माछाको भूरामा हुनु पर्ने सवै अवस्था विद्यमान भएको र रोग परजिवीका लक्षणहरू नदेखिएको हुनु पर्दछ । कत्ला झरेको पुच्छर वा पखेटा काटिएको, जिउमा ढुसी देखिएको, शरिरमा रक्तश्राब भएको, आाखा वाहिर निस्केको, शरिर वांगो टिंगो भएको, कत्ला उठेको, सेतो थोप्ला भएको, आाखामा वादल लागेको, पेट फुलेको, पिंधमा पल्टेर वसेको, तैरने सन्तुलन गुमाएको, रंगमा फरक आदि आँखाले देख्न सकिने रोग परजिवीका लक्षण मुक्त भएको हुनु पर्दछ ।

(घ) माछाको भूरा ढुवानी गर्दा निम्न लिखित तिन प्रकारले प्याकिङ गरि ढुवानी गर्न सकिनेछ ।

१.प्लाष्टिक वा धातुको मुख खुल्ला भएको भाडामा एरियटर । अक्सिजन ग्याासको उपयोग गरेर वा नगरेर ।

२.प्लाष्टिकको ब्याग वा वन्द भााडामा अक्सिजन ग्यास पर्याप्त रहेको एअरटाइट अवस्थामा प्याक गरेर ।

३.आखा विकसित भएको माछाको फुल (Eyed-egg) लगायत अन्य मत्स्यजन्य जैविक वस्तु (Live genetic Material) लाइ इनसुलेटड स्टाइरोफोम भित्र वरफमा प्याक गरेर ।

(ङ) भुरा प्याक भएको प्लाष्टिकको थैलोलाइ प्वाल पर्न र अक्सिजन लिक हुनबाट वचाउन कार्डवोड वा अन्य उपयुक्त भाडो भित्र राखेर ढुवानी गरिएको हुनु पर्दछ ।

(च) माछाको भूरा ढुवानी भएको प्याकको भित्रपट्टी र वाहिर पट्टी पनि लेवल लागेको (भूरा प्याक भएको मिति, जात, साइज, संख्या समेत) खुलाईएको हुनु पर्नेछ ।

(छ) लठ्याउने औषधि (Tranquilizer) प्रयोग गरि ढुवानी गरि ल्याएको भए प्रयोग भएको रसायन एवं सो को मात्रा उल्लेख भएको हुनु पर्ने छ ।

(ज) खाद्य प्रयोजनकोलागि मृत अवस्थाको सिंगो माछा (Dead Unvicerated fish) वा मत्स्यजन्य उत्पादित वस्तुबाट पनि मत्स्यजन्य रोग परजिवीको संक्रमण हुन सक्ने भएकोले त्यस्ता वस्तु पैठारी वा निकासी गर्दा अनुसुचि ५ (ख) र ५ (ङ) मध्ये उपयुक्तताको आधारमा कुनै एउटा अर्न्तराष्ट्रिय मापदण्ड अनुसारको मत्स्य स्वास्थ्य प्रमाणपत्र साथमा संलग्न रहनु पर्ने छ ।

५. अनुगमन एवं मुल्याङ्कन व्यवस्था:

(क) पशु सेवा विभाग वा अन्तर्गतको यस विभागले तोकेको सम्बद्ध कार्यालय एवं मत्स्य विकास निर्देशनालय वा यसले तोकेको सम्बद्ध अनुसन्धान, शिक्षण संस्था, गैर सरकारी एवं अन्य कार्यालयको संयुक्त समन्वयमा माछा भुरा एवं मत्स्यजन्य सामग्री पैठारी हुने चेक पोष्टको स्थलगत अनुगमन गरिने छ ।

(१) मत्स्यजन्य सामग्री पैठारी हुने पशु क्वारेन्टाइन कार्यालय/चेक पोष्टले सम्पन्न गरेको कार्यको जानकारी मासिक रूपमा मत्स्य विकास निर्देशनालयलाई पनि उपलब्ध गराउनु पर्नेछ ।

६. पैठारी एवं निकासीको लागि आवश्यक पर्ने मत्स्य स्वास्थ सम्बन्धी प्रमाण पत्रहरू OIE International Aquatic Animal Health Code-2004 को खण्ड ६ मा उल्लेख भएका Model International Aquatic Animal Health Certificates मा आधारित रहेको हुनु पर्नेछ ।

## अनुसूची १

OIE मत्स्य स्वास्थ्य आचार संहिता २००४ (OIE Aquatic Animal Health Code-2004) मा तोकिए अनुसार Part 2 Diseases of fish : Section 2.1 Diseases Listed by the OIE मा उल्लेखित मध्ये खण्ड (क) मा उल्लेख भएका रोग लागेका माछाको भुरा पैठारी र बिक्री वितरण गर्न पाईने छैन ।

### (खण्ड क) **Disease of fish listed by OIE**

1. Epizootic haetopoitic necrosis
2. Infectious haetopoitic necrosis
3. Oncorhynchus masou virus disease
4. Spring viraemia of carp
5. Viral haemorrhagic septicaemia
6. Channel catfish virus disease
7. Viral encephalopathy and retinopathy
8. Infectious pancreatic necrosis
9. Infectious salmon anaemia
10. Epizootic ulcerative syndrome
11. Bacterial Kidney disease (Renibacterium slamonimarum)
12. Enteric Septicaemia in cat fish ( Edwardsiella ictalurt )
13. Piscirckettsiosis (Piscirckettsia salmonis)
14. Gyrodactylosis (Gyrodactylus salaries)
15. Red sea bream iridoviral disease
16. White sturgeon irridoviral disease

## अनुसूची २

नेपाल अधिराज्यमा तपसिल बमोजिमका ८ वटा पशु क्वारेन्टाइन कार्यालयहरू रहेका छन् । ती कार्यालय अन्तर्गत आावश्यकता अनुसार पशु क्वारेन्टाइन चेक पोष्ट/नाकाहरू संचालन गरिने छन् ।

| सि.नं. | पशु क्वारेन्टाइन कार्यालय | जिल्ला | कैफियत |
|---|---|---|---|
| १ | पशु क्वारेन्टाइन कार्यालय, काकडभिट्टा | झापा | |
| २ | पशु क्वारेन्टाइन कार्यालय, रानी | मोरङ्ग | |
| ३ | पशु क्वारेन्टाइन कार्यालय, जनकपुर | धनुषा | |
| ४ | पशु क्वारेन्टाइन कार्यालय, विरगंज | पर्सा | |

| | | | |
|---|---|---|---|
| ५ | पशु क्वारेन्टाइन कार्यालय, भैरहवा | रूपन्देही | |
| ६ | पशु क्वारेन्टाइन कार्यालय, नेपालगंज | बांके | |
| ७ | पशु क्वारेन्टाइन कार्यालय, महेन्द्रनगर | कंचनपुर | |
| ८ | पशु क्वारेन्टाइन कार्यालय, काठमाण्डौ | काठमाण्डौ | |

INTERNATIONAL AQUATIC ANIMAL HEALTH CERTIFICATE FOR LIVE FISH AND GAMETS

## LIVE FISH AND GAMETS

NOTE: Mark all the relevant items with a cross in the appropriate space.

### I. Identification

☐ cultured stock ☐ wild stock ☐ Fish ☐ Unfertilised egg

☐ Fertilised egg ☐ Larvae

1) Species
   Latin name:…………………………………………………………………………..
   Common name:……………………………………………………………………….
2) Age (Years):

   ☐ Unknown ☐ O+ ☐ 1+ ☐ 2+ ☐ >2+
3) Total weight (kg):………………………………………………………
   **or**
   Number (x10000)………………………………………………………………………..

### II. Place of harvest

1) Country:……………………………………………………………………………..
2) Zone:…………………………………………………………………………
3) Aquaculture establishment/zone:
   Name:…………………………………………………………………………..
   Location:………………………………………………………………………..

### III Origin of consigdment ( if different from II )

1) Country:………………………………………………………………………..
2) Zone:…………………………………………………………………………

3) Aquaculture establishment/zone:
Name:…………………………………………………………………………..
Location:………………………………………………………………………..

## IV Destination

1) Country:………………………………………………………………………..
2) Zone:…………………………………………………………………..………
3) Aquaculture establishment/zone:
Name:…………………………………………………………………………..
Location:………………………………………………………………………..
4) Nature and identification of means of ………………………………………
……………………………………………………………………………………….

## V Declaration

I, the undersigned, certify that the live fish and/or fish larvae, fish gamets,ova and fertilized eggs in the present consignment have as their place of pr☐duction a: ☐ country
zone ☐ Aquaculture establishment that has been subjected to an official fish health surveillance scheme according to the procedures described in the OIE Diagnostic manual for Aquatic animal Diseases and that the country, zone or Aquaculture establishment identified in section II is officially recofnised as being free from the pathogen causing the disease listed in this aquatic code, as identified in the table below.

INTERNATIONAL AQUATIC ANIMAL HEALTH CERTIFICATE FOR LIVE FISH AND GAMETS

| | Country | | Zone | | Aquaculture establishment | |
|---|---|---|---|---|---|---|
| | Yes | No | Yes | No | Yes | No |
| Epizootic haetopoitic necrosis | | | | | | |
| Infectious haetopoitic necrosis | | | | | | |
| Oncorhynchus masou virus disease | | | | | | |
| Spring viraemia of carp | | | | | | |
| Viral haemorrhagic septicaemia | | | | | | |
| Channel catfish virus disease | | | | | | |
| Viral encephalopathy and retinopathy | | | | | | |
| Infectious pancreatic necrosis | | | | | | |
| Infectious salmon anaemia | | | | | | |
| Epizootic ulcerative syndrome | | | | | | |
| Bacterial Kidney disease (Renibacterium slamonimarum) | | | | | | |
| Enteric Septicaemia in cat fish (Edwardsiella ictalurt) | | | | | | |
| Piscirckettsiosis | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (Piscirckettsia salmonis) | | | | | | |
| Gyrodactylosis<br>(Gyrodactylus salaries ) | | | | | | |
| Red sea bream iridoviral disease | | | | | | |
| White sturgeon irridoviral disease | | | | | | |

Exportin country:…………………………………………………………………………………..

Component Authority:………………………………………………………………………….

Stamp:

Date:
Issued at:
Name and address of certifying official:
……………………………………………
……………………………………………
……………………………………………
Signature:………………………………..

**IMPORTANT NOTE:** This certificate must be completed no more than three days prior to shipment.